# १ स्वर्गको तानमा

***यस अध्यायको निम्ति पढ्नहोस्:*** यशैया ६४, रोमी ३:२१-३१, ४:१-७, रोमी ६:१-१३, फिलिप्पी ३:३-१६।

***स्मरण गर्नुपर्ने पद:*** "व्यवस्थाको विरुद्धमा चलेर अपराध गर्नेका पाप क्षमा पाउनेहरू धन्य हुन्। तिनीहरू धन्यका हुन् जसका पापहरू ढाकिएकाछन्।" (रोमी ४:७ रूपान्तरित)।

"पापीहरू मर्नुपर्ने स्थानमा येशू मर्नुभयो र हाम्रा पापहरूका मोल उहाँले तिर्नुभयो। पापीको सट्टामा उहाँले परमेश्वरको व्यवस्थालाई पालन गर्नुभयो। पापीले उहाँमा विश्वास गरुन् र येशू ख्रीष्टको व्यक्तित्वको दाँजोमा उनीहरू पूर्ण रूपमा बढुन् भनेर नै उहाँ आफैले यो काम सम्पन्न गर्नुभएको हो। पापीले येशूमा पूर्णता पाउन् भनेर नै यो प्रक्रिया उहाँले चाल्नुभएको हो। सारा पापको मोल उहाँले तिर्नुभयो। पापको सम्पूर्ण भयङ्कर परिणाम र सजायँ येशूले भोग्न राजी हुनुभएको थियो। पापका बोझ आफूले लिएर, येशूले अनन्तको धर्मपरायणता अर्थात पवित्रता हामीलाई उपलव्ध गराउनुभयो। येशूलाई विश्वास गर्नेहरू परमेश्वरको नजरमा पापरहित भएर खडा होस् भन्ने उहाँको हार्दिक चाहना थियो। त्यो समय आउनेछन् जब यो प्रश्न सोध्नेछन्: "परमेश्वरले चुन्नुभएकोहरूलाई उहाँले स्विकार गर्नुभयो भने, तिनीहरूको खिलाफमा कसले बोल्न सक्छन् र?" (रोमी ८:३३ रूपान्तरित)। यसको जवाफ यहि हुनेछन्: "येशू ख्रीष्ट जो मर्नुभयो, हो, बौरिपनि उठ्नुभयो।" (रोमी ८:३४ रूपान्तरित)। येशूले स्वर्गको तानमा बुनेको दागरिहत धार्मिकताको पोशाक पहिरनुभएको छ। उहाँले लाउनुभएको पोशाकमा पापी मानिसले उन्नेको धागो छैन। येशू परमेश्वरको दाहिने हातमा हुनुहुन्छ। उहाँलाई विश्वास गर्नेहरूलाई उहाँको धार्मिकताको सिद्ध पोशाक पहिराउन त्यस सम्मानानिय स्थानमा उहाँ रहनुभएको छ। जो मानिस परमेश्वरको राज्यमा प्रवेश गर्ने अवसर पाउँछन् त्यसले

आफ्नो धार्मिक काम र आफ्नो गौरव गर्नुपर्ने केहि पनि देख्नेछैन। सारा प्रशंसा स्तुति र महिमा मूक्तिदाता परमेश्वरमा नै बगिनेछन्।"- एलेन जी ह्वाइट, युथ इन्स्ट्क्टर, डिसेम्वर ६, सन् १८९४बाट रूपान्तरित। एलेन जी ह्वाइटको उपर्युक्त कथनमा उल्लेख गरिएका प्रतिक अर्थात् शव्दचित्रलाई ख्याल गर्नुहोस्ः धार्मिकताको पोसाक, दागरहित धार्मिकताको पोसाक, स्वर्गको तानमा बुनेको, पापी मानिसले उत्पादन गरेको कुनै पनि धागो येशूको पोसाकमा छैन। यी सबै येशूको धार्मिकता अर्थात् सदाचारितालाई वर्णन गर्ने अचम्मका शव्दचित्रहरू हुन्। अन्तमा मूक्ति पाएर परमेश्वरको राज्यमा पस्ने प्रत्येक व्यक्तिलाई येशूले नै आफ्नो धार्मिकताको पोसाक ओडाइदिनुहुनेछन्।

## १. ऐनामा एकटक लगाएर हेरिराख्नु (यशैया ६४)

आस्थाले माग गरेको महान् आदर्शहरू अनुसार सबै येशूभक्तहरू चल्न सकेका छैनन्। एकले भन्दा अर्कोले केहि हदसम्म राम्रै गर्ला। तर हामी कुनै न कुनैमा चुकिरहेकाहुन्छौं। कुनचाहिँ येशूभक्त अर्थात् इसाईले ऐनामा एकटक लगाएर हेर्दा त्यसबाट येशुले हेरिरहनुभएको नदेख्ला र? जस्तोसुकै धर्मात्माको पगरी ओडेतापनि वा आफू सच्चा इसाई हुँ वा आस्थावान छु भनेर आत्मसंतुष्ट गरेतापनि आफूले अपनाएका जीवन सिद्ध र निष्खोट छ भनेर कुनाचाहिँ इसाईले दाबी गर्न सक्दछन् र? आफ्नो कमीकमजोरीलाई लुकाउनुपर्दा कुनचाहिँ येशूभक्त आफूप्रति वाक्क नभएको होला?

यशैया ६४मा के समसामयीक सन्देशलाई प्रस्तुत गरिएकोछ? मानवधर्म अर्थात् मानिसको धार्मिकतालाई वाख्या गर्न वस्त्रलाई कसरी प्रयोग गरिएको छ? वस्त्रहो अर्थ के हो? फेरि यहि अध्यायले हामीलाई के आशा प्रदान गर्दछ?

फोहरी झुत्रा लुगा भनेको अर्थ रजस्वला भएको बेलामा स्त्रीले प्रयोग गरेकी थाङना कपडा हुन्। पापले गर्दा पतित भएको मानिसको पापलाई चित्रण गर्ने बाइबलले देखाएको यो भन्दा प्रभावकारी शव्दचित्र अरू के होला? रोमी ३मा पनि पावलले यहि शव्दचित्रलाई इङ्गित गरेको पाउँछौं। दुवै यहूदी र गैर-यहूदी परमेश्वरको दृष्टिमा बराबर

छन् भनेर पावलले स्पष्ट गरेका छन्। तिनीहरू सबै पापी छन् र तिनीहरूलाई परमेश्वरको अनुग्रहको खाँचो छ। यशैया ६४ले यस विषयलाई स्पष्ट रूपमा औँल्याएको छ। फेरि यहि अध्यायले हामी पापी भएकोले हाम्रो समस्यालाईमात्र औँल्याउँदैन तर हामीलाई प्राप्त भएको आशाको कारण पनि औँल्याउँदछ।

भित्री रूपमा आत्मआलोचना गरेर पछिल्लो पल्ट कहिले हेर्नुभएको छ? तपाईंको गोप्य बिचार र आकाँक्षालाई कहिलै नियाल्नुभएको छ? तपाईंले के देख्नुभएकोछ? त्यसबाट राहत पाउन तपाईंको आशा केवल के हो र किन?

## २. येशूको धार्मिकताले ढाक्नु (रोमी ४:१-७)

यदि तपाईंले आफ्नो सुकर्म वा कुनै असल कामलाई परमेश्वरको असल कामसँग दाँज्दा उहाँको अगाडि तपाईं कस्तो पाउनेहुनेछ? यदि तपाईंले सच्चा हृदयले आफ्नो कामलाई त्यसरी मूल्याङ्कन गर्नुभयो भने शायद तपाईं तर्सिनुहुनेछ होला? हाम्रो हृदय त्यस्तो कुनै चोखो छैन जसले परमेश्वरको अनुग्रहलाई आफ्नो पक्षमा ढाल्न दावी गर्नसक्छौं। "प्रभु म कति धर्मात्मा र असल छु, त्यसकारण तपाईं मेरो पक्षमा उभिदिनुहोस् वा मैले गरेको कामलाई तपाईंले अनुमोदन गर्नुहोस्" भन्ने प्रार्थना कुनचाहिँ मानिसले गर्न साहस गर्दछ र? परमेश्वरलाई रिझाउनको निम्ति गरिने कुनै धर्मकर्म, सुकर्म, परोपकारी काम, उदारबादी हृदय, सत चरित्र आदि केवल झुत्रेझाम्रे थाङ्नामात्र हुन् भनेर बाइबलले स्पष्ट गरि तोकिदिएको छ।

यदि हाम्रो सदचरित्रले हाम्रो उद्धारको बाटोलाई पहिल्याउँदैन भने हाम्रो पुनित जीवनको आशा केमा छ र अर्थात् कुन आशालाई मध्य नजर राखेर हामी हिंड्छौ र? सतहमा दिमागलाई हताशनिराशमा पार्न खोजेपनि गहिराइमा हामीलाई अत्यन्त महान् आशा हाम्रो अगाडि तेर्स्याइ दिएको छ। त्यो आशाको परिभाषा हुन् "येशूको धार्मिकतालाई ओढ्नु वा ढाक्नु"। यसको अर्थ के हो त? यो अत्यन्त सरल छ। हामीलाई ओढ्न दिएको धार्मिकता येशूको सिद्ध धार्मिकता हो। यो धार्मिकता वा सदचरित्रको पोशाक स्वर्गको तानमा बुनेको कपडाबाट

सिलाइएको हो। यसलाई हामीले हाम्रा आस्था र विश्वासबाट उपलव्ध गर्नसक्छौं। “येशूको धार्मिकताको ओढ्नु" अर्थ हाम्रो पापी जीवनलाई येशूको पापरहित जीवनलाई प्रतिस्थापित गर्नु अर्थात् हाम्रो पापी जीवनको विकल्प वा सट्टामा येशूको जीवनलाई अङ्गाल्ने अवसरलाई सहस्र स्विकार गर्नु हो। येशूलाई ओढ्ने अधिकार हामी सबैलाई सुम्पिएकोछ। येशूमा रहँदा आँशिक रूपमा होइन पुरै पापमय शरीरलाई उहाँको विशुद्ध निष्कलङ्क पोशाकले ढाकिन्छ। येशूको प्रेमको पोशाकमा लोतप्रोत हुँदा परमेश्वरको अगाडि निर्दोष भएर खडा हुन्छौं, मानौं हामीले कहिलै पनि अपराध वा पाप गरेका छैनौं। यस प्रक्रियाले हामी सधैं परमेश्वरको निर्देशन वा आज्ञाअनुसार पूर्ण रूपमा चलेको देखाउँछन्। यसले परमेश्वरको अगाडि येशू जस्तै पवित्र र धर्मात्मा हामी छौं भनेर देखाउँदछ।

परमेश्वरमाथि विश्वास र आशा राखेकोले अब्राहम धर्मी मानिसमा कसरी गनिन पुगे, हेर्नुहोस् रोमी ४:१-७?

यदि आफ्नो सुकर्म वा धार्मिक क्रियाकलापले अब्राहम निर्दोष वा धर्मात्मा भएको भए उनले आफ्नो काममा धाक लगाउँथे होलान् भनेर पावलले रोमी ४:२मा उल्लेख गरेकाछन्। तर अब्राहमले परमेश्वरलाई विश्वास गरे त्यसैले गर्दा उनी धर्मी ठहरिए। सरल विश्वास गरेर येशूकहाँ आउन हामी सबै पापीहरूलाई उहाँले आह्वान गर्नुभएको छ। यस पृथ्वीमा रहँदा उनले सिद्ध धार्मिक जीवन अपनाउनुभएको थियो। उहाँको त्यहि सिद्ध धार्मिक पोशाक हामीलाई ओढ्याइ दिनुहुन्छ। यहि नै हाम्रो जीवनमा “येशूको धार्मिकताले ढाक्नु वा ओढ्नु" भनेको हो। यशैया ६४ र रोमी ३ अध्यायमा वयान गरिएको मानव समस्यालाई समाधान गर्न बाटो केवल यहि मात्र छ। यदि हामी येशूलाई ओढ्न सक्षम् भयौं भने हाम्रो सबै समस्याका जवाफहरू त्यसमा पाउँछौं।

यो कुरा कल्पना गर्नुहोस्ः येशूले तपाईंको फोहर लुगाहरू, पुरानो गन्दा झुत्रेझाम्रे कपडाहरू फुकाल्नु भएकोछ। अनि तपाईंलाई उहाँको सिद्ध धार्मिकता, उहाँको पवित्रता र उहाँले सिद्धरूपमा पालन

गर्नुभएको परमेश्वरको व्यवस्था वा आचारसहिंताका पोशाकले तपाईंलाई ढाक्नुभएकोछ। उहाँको त्यस्तो सफेद पोशाकले तपाईंलाई ढाकेर उहाँले तपाईंको कानमा सुटुक्क भन्नुभएको छ, "अब तिमी सिद्ध छौ। मेरो सिद्धता, निर्दोष र निष्कलङ्क जीवनले तिमी परिमार्जीत अर्थात् चोखो भएकाछौ। मेरो पोशाक लगाऊ। तिम्रो जीवनबाट यसलाई नफुकाल।" (याद गर्नुहोस्, उहाँलाई ओढ्ने आत्मनिर्णयको अधिकार व्यक्तिगत रूपमा तपाईंलाई नै सुम्पिएको छ, न त कसैले तपाईंलाई येशूको चोखो जीवनलाई ओढाउन सक्छ, न त उहाँले जवरजस्ती तपाईंको अनुमती बिना उहाँले ओढाउनुहुनेछ)।

कसैबाट तपाईंले पाउनु भएको अत्यन्त मूल्यवान वा महत्वपूर्ण उपहार के हो? त्यो उपहार पाउन तपाईं योग्यको नभएतापनि तपाईंले पाएपछि तपाईंलाई कस्तो अनुभव भयो? येशूले हात पसारेर दिइरहनुभएको धार्मिकताको उपहारप्रति हामी कत्तिको कृतज्ञ हुनुपर्छ? गहिरिएर सोच्नुहोस्।

## ३. व्यवस्था अर्थात् परमेश्वरको नितिनिर्देशनबिनाको जीवन (रोमी ३:२१-३१)

एक जना पादरीले आफ्ना चर्चका विश्वासीहरू सामु उभिएर भनेः "येशू ख्रीष्टले मेरो जीवन परिवर्तन गर्नुभयो। म अब नयाँ मानिस भएकोछु। पहिलोको भन्दा म अत्यन्त फरक छु।

"म इसाई भएको २५ वर्ष भयो। र एउटा सत्यलाई मेरो जीवनमा सिकेको छु। त्यो होः मानौं अन्तमा, मैले मुक्ति प्राप्त गरें रे। मानौं येशूको भनाई बमोजिम अन्तसम्म विश्वासमा रहिरहें रे। र मानौं परमेश्वरको अनन्तको राज्यमा म पस्न सफल भएँ रे। निसन्देहः मेरो मनमा म यो यकिन हुनेछु म स्वर्गमा जान पाएँ किनकि येशूको धार्मिक पोशाक ओढेरमात्र जान पाएको छु। यहि धार्मिकता हो जुन स्वर्गको तानमा बुनेको छ र मलाई पूरा ढाकेको छ। म पापलाई जीत्न सक्छु। परमेश्वरको अनुग्रहले मैले धेरै जीवनका संग्रामहरू जीतेको छु। परमेश्वरको अनुग्रहले मेरो कमजोर चरित्रलाई जीत्न सफल भएको

छु। म सबै खालका मानिसहरूलाई प्रेम गर्नसक्छु, चाहे त्यो शत्रु नै किन नहोस्। परमेश्वरको अनुग्रहले यी कुराहरू सिकिरहेकोछु।

"यी सबै कुरा भनेपछि म यो पनि भन्न चाहन्छु, हामी कोहि पनि असल छैनौं र असल हुने सम्भावना पनि छैन। यदि परमेश्वरको व्यवस्थाबाट म अलग भएर बस्दा येशूको धार्मिकताको पोसाकले मलाई ढाकेको छैन रे। अनि १,००० वर्षको अन्त्यमा तपाईं पवित्र शहरको पर्खालमा बसेर मतिर हात हल्लाएर बस्नुहुनेछ। किनभने मलाई यो थाहा छ म तपाईंसँग हुनेछैन। म तपाईंसँग हुन सक्दिन।"

पावलले रोमी ३:२१-३१मा के भन्छन्? पावलको बिचारलाई माथि उल्लेखित पादरीको तर्कलाई कसरी प्रतिविम्व गर्दछन्?

पावलले कुनै निश्चित समूहलाई कुनै विशेष विषयलाई लिएर वाख्या गरिरहेका थिए। यद्यपि, चाहे यहूदी होस् वा गैर-यहूदी वा अयहूदी, सबैलाई पावलले लक्षित गर्दै भनीरहेको पाउँछौं। परमेश्वरको व्यवस्थाको परिधिभित्र हामी अझै छौं र त्यसको पालन गर्नु पर्छ भन्ने हामी सेभेन्थ-डे एडभेन्टिस्टहरूहरूलाई पनि उपरोक्त कथन महत्वपूर्ण मान्नुपर्छ। तर हामी उद्धार पाउँछौ, केवल परमेश्वरको धार्मिकताले मात्र। हामी पापी भएको हैशियतले परमेश्वरको धार्मिकताले हामीलाई ढाक्नु आवश्यक छ। येशूको सिद्ध जीवनमा रहेको धार्मिकताले हामी मुक्ति पाउँछौं। हामीलाई उद्धार गर्ने उहाँ नै हुनुहुन्छ। हामीले व्यवस्था पालन गरेर वा हाम्रो सुकर्मबाट मुक्ति प्राप्त गर्दैनौं। तर परमेश्वरमा विश्वास तथा आस्था राखेरमात्रै हामी उहाँले दिनुहुने मुक्तिमा सहभागी हुनसक्छौं।

तपाईं असल इसाई हुनुहुन्छ रे, तर परमेश्वरको व्यवस्था पालन गर्ने मामिलामा तपाईंको अनुभव के छ? के परमेश्वरको व्यवस्थालाई अथक रूपमा पालन गर्दा तपाईं परमेश्वरमा धर्मी ठहरिनुभएको छ? यसको जवाफ तपाईंले के दिनुहन्छ? विश्वासीहरू बिच चर्चापरिचर्चा गर्नुहोस्।

## ४. मानिसले सृजना गरेका लुगाफाटाहरू (रोमी ६:१-१३)

दुई जना पटके तर ख्यातीप्राप्त चोरहरूले कसैको लुटपाट गर्न योजना बनाएका थिए भनेर एक जना लेखकले छोटो कथा लेखेका थिए। एक जना चोरलेचाहिँ पुलिसको पोशाक लगाएर चोर्ने स्थानमा उभिने योजना बनाएको थियो। यसो गर्दा उसको साथीले घर भित्र चोर्न जाँदा कसैले शङ्का नगरोस् भन्ने चाहेका थिए। तर यस कथाचाहिँ रोचकरूपमा अंत भयो। जुन चोरले पुलिसको पोशाक लगाएको थियो त्यसले अर्को चोर साथीलाई पकड्यो। पुलिसको पोशाक लगाउने मानिस साँच्चिकै पुलिसले जस्तै काम गर्न थालेको थियो।

यस कथाले चौथो बुँदाको बिषयलाई स्पष्ट रूपमा चित्रण गर्दछन्। हो, विश्वासद्वारा हामी येशूको धार्मिकतालाई ओढेका हुन्छौं। स्पष्ट रूपमा भन्ने हो भने हामीले बुनेका धार्मिक लुगा होइन तर येशूको धार्मिक पोशाकलाई हामीले ओढेका हुन्छौं। उहाँलाई विश्वास गर्दा हामीले पुनर्जन्म पाएका हुन्छौं। यस प्रक्रियामा हामी समावेश हुँदा येशूमा नयाँ जीवन हामीलाई उपलव्ध हुन्छ। येशूको पोशाक लगाएको आभास पाएपछि हामीले उहाँको चरित्रलाई प्रतिविम्व गर्दछौं।

येशूको धार्मिक पोशाक हामीले लगाएपछि उहाँको चरित्रलाई हाम्रो जीवनमा ओढाउन सतप्रतिसत प्रण गरेका हुन्छौं। अनुग्रहले गर्दा हामी पूर्ण रूपमा निर्दोष ठहरिन्छौं। अब हामी क्षण क्षणमा येशूको पाइलामा हिँड्छौं। उहाँको चरित्रलाई झल्काउन पलपलमा झल्काउनु पर्छ। फेरि परमेश्वरको आज्ञा पालन गर्न हामीलाई शक्ति प्राप्त हुन्छ। त्यो शक्तिले हाम्रो हृदयमा काम गर्दछन् र आफ्नो समय अनुसार हामीलाई परिवर्तन गर्दै लैजान्छन्। अर्थात् हाम्रो जीवनले येशूलाई प्रतिविम्व गर्ने काम निमेषमा हुने होइन तर जीवनभरको काम हो। अब हामी येशूमा आस्थावान र प्रतिवद्धता जाहेर गरेपछि अरू हामीलाई के चाहिन्छ र? पावलले यो प्रतिवद्धतामको अनुवभ गरेका छ, "येशूको शक्तिले म सबै थोक गर्नसक्छु। उहाँले नै मलाई शक्ति सम्पन्न गराउनुहुन्छ।" (फिलिप्पी ४:१३ रूपान्तरित)।

प्रभु येशूको धार्मिक लुगा वा पोशाक ओढेपछि हाम्रो जीवन कस्तो हुनुपर्दछ भनेर रोमी ६:१-१३ पदहरूले स्पष्ट गरेकाछन्। पढ्नुहोस्।

जो मानिस येशूको क्रुसमा सँगै टाँगिएको हुन्छ त्यो मानिसको जीवनमा ठूलो परिवर्तन हुन्छ भनेर पावलले अत्यन्त स्पष्ट रूपमा वाख्या गरेकाछन्। पावलले वर्णन गरेका जीवन र मृत्युको प्रतिकलाई गहिरिएर सोच्नुहोस्। त्यहाँ न त मध्यम मार्ग निति न त आदि मार्ग नितिलाई अपनाइएको हुन्छ। पुरानो फोहरी थाङ्ना लुगा लगाउने हाम्रो व्यक्तित्व मरेको हुन्छ। अनि नयाँ मानिसको पुनर्जन्म हुन्छ, जसले येशूको धार्मिक पोशाक ओढेको हुन्छ। अब हामी जीवनको नयाँ पहलमा हिँडेका हुन्छौं। यसको अर्थ अब हामी पापले होइन पापलाई नियन्त्रण गर्न सक्षम् हुन्छौं। बिजयी जीवन दिन परमेश्वरले हामीलाई वाचा गर्नुभएको छ। गहन प्रश्न त यो छ, के हामीले त्यस बाचालाई दावी गर्छौं वा गर्दैनौं?

तपाईंको जीवनको कुन भागले यथार्थ रूपमा परमेश्वरको अनुभव गरेको छ? अहिले तपाईं कुन् क्षेत्रमा संघर्ष गरिरहनुभएकोछ? दैनिक जीवनमा स्वार्थलाई अवसान (त्याग) गराएर हामी प्रत्येकलाई उपलव्ध गराएको येशूमा नयाँ जीवन कसरी रोज्ने?

## ५. सस्तो अनुग्रह र व्यक्तिगत धार्मिक क्रियाकलाप वा धर्मकर्मले मुक्ति पाउँछ भन्ने लोकविश्वास (फिलिप्पी ३:३-१६)

आज्ञाकारी हुनुपर्ने आवश्यकतालाई बाइबल धर्मशास्त्रका सम्पूर्ण लेखकहरूले औंल्याएका छन्। येशू हाम्रो जीवनमा आउनुभएकोले अव हामी परमेश्वरको विधिको शासनमा रहनुपर्दैन भन्ने धारणा गलत हो। यदि येशू सच्चा रूपमा हाम्रो हृदयमा रहनुहुन्छ भने स्वतः हामी असल क्रियाकलापमा लाग्दछौं। फेरि त्यसैवखत यदि हाम्रो असल काम वा आज्ञापालनले हामीलाई स्वर्ग लान्छ भन्ने धारणाले ओतप्रोत भयौं भने त्यो घातक भुल हुनेछ।

येशूसँग जम्का भेट हुनुभन्दा अघि आफू कत्तिको योग्य र सफल भएको छु भनेर त्यसको लामो सूची पावलले प्रस्तुत गरेको

पाउँछौं। उदाहरणमाः जन्मेको आठौं दिनमा यहुदी धार्मिक निति तथा परम्परा अनुसार आफूलाई खतना गराइएको, धार्मिक पण्डित फरिसीको दर्जा ओढेको, धर्मकर्ममा अथक प्रयास गरिएको, दोषरहित सिद्ध (स्वामीको पगरी ओढ्न सक्षम् भएको) भएको व्यक्तित्व आदि। यदि धर्मकर्म वा असल कामले मानिसलाई स्वर्ग लान्छ भने पावल ज्वलन्त उदाहरण हुनसक्छ। तर जब पावलले येशूलाई ग्रहण गरे त उनले भने "येशूको ज्ञानलाई प्राप्त गरेपछि, मेरा यी सबै धर्मकर्म फोहरमैलामा परिवर्तन भयो वा कवाडीलाई दिने वस्तु हुनपुग्यो।" येशूको धार्मिक पोशाकलाई ग्रहण गरेपछिमात्र धर्मात्मा हुने योग्यता पावलले प्राप्त गरे। यसको फलस्वरूप उनी दिनप्रतिदिन येशूजस्तै हुने चाहनामा तल्लिन भए।

केवल परमेश्वरमाथि विश्वास र आस्था राखेर मात्र मूक्ति पाइन्छ भन्ने महान् सत्य दिक्षा पावलले फिलिप्पी ३:३-६मा कसरी वाख्या गरेकाछन्? साथै उद्धार पाएकाहरूको जीवनको सार्थकतालाई यसले कसरी पुष्टि गर्दछ?

येशूको धार्मिकता हाम्रो जीवनमा संमिश्रण भएको र पवित्र आत्माले हाम्रो जीवनमा गरिने कामबाट हामीलाई गरिने परिवर्तनमा के अन्तर छ भन्ने कुरालाई हामीले बुझ्न अनिवार्य छ। येशूको धार्मिकतालाई हाम्रो जीवनमा स्थानान्तर गर्नुभनेको हाम्रो पापलाई उहाँले धुनुभएको छ र हामीलाई क्षमा दिएकोछ भन्ने शिक्षालाई ग्रहण गर्नु हो। ती दुई कुरालाई हामीले कहिलै पनि छुटयाउनु हुँदैन। येशुभक्त भएको कारणले यी दुवै हामीमा पर्दछ। येशूको धार्मिकता हामीमा छ तर पवित्र आत्मालाई हाम्रो जीवनमा काम गर्न दिएनौं भने हामी केवल एकतिरमा छाप भएको सिक्का वा नोट हुन्छौं। त्यो निकम्मा हुन्छ।

परमेश्वरको आज्ञा पालन गर्नु हाम्रो कर होइन तर उहाँले दिनुभएको वरदान हो भन्ने धारणाले हामीलाई दुईवटा खाल्डोबाट अलग राख्नसक्छन्ः सस्तो अनुग्रह वा येशूलाई ग्रहण गरे पुगीहाल्छ नी अरू केहि गर्नुपर्दैन भन्ने तर्क, र धर्मकर्म गर्दा मुक्ति पाउने भएकोले परम्परा अनुसार धार्मिक व्यवस्था वा नितिकुतिमा चल्ने निति। आज्ञाकारी हुनु

वरदान हो भन्ने धारणालाई आत्मसात् गर्न सक्यौं भनेः प्रथमतः येशूको भक्तिमार्गमा चल्नु उहाँको आज्ञालाई पालन गर्न सहस्र विश्वास र दोश्रोमा आज्ञा पालन गर्नु वा भक्तिमार्गमा हिँड्ने शक्ति हाम्रो अथक प्रयासबाट आर्जन गर्ने होइन तर परमेश्वरको बरदानबाट हो भन्ने कुरामा यकिनता। परमेश्वरको दश आज्ञा वा उहाँले दिनुभएको भक्तिमार्ग वा आचारसहिँतालाई पालन गर्न येशूमा नै भर पर्दछौं। परमेश्वरको सामु क्षमाप्राप्त गर्दै जाने धार्मिक जीवन बिताउन क्षमताको लागि पनि येशूमै भर पर्दछौं। हामी धर्मको मार्गमा हिँडुन् र पाप र आफ्नो स्वार्थप्रति बिजयी जीवन बिताउन् भनेर हामीलाई शक्तिसम्पन्न गराउन परमेश्वर अति इच्छुक हुनुहुन्छ। तर यस्तो सफलता हासिल गर्न हाम्रै आत्मइच्छामा भरपर्दछः येशूलाई दिनप्रतिदिन राम्ररी चिन्न दिनदिनै हाम्रो स्वयंमलाई उहाँमा समर्पण गर्न कतिको राजी छौं। के हामी पनि पावलले जस्तै भन्न सक्दछौंः "येशूलाई मृत्युबाट बौरिउठाउने शक्तिलाई जान्न म चाहन्छु। उहाँको दुःख कष्टमा म सहभागी हुन चाहन्छु। उहाँको मृत्युमा सहभागी भएर म उहाँ जस्तै हुनचाहन्छु?" (फिलिप्पी ३:१० रूपान्तरित)।

यस बुँदामा प्रस्तत गरिएको पदहरू फेरि पढ्नुहोस्। मानिसको स्वतन्त्र बिचारलाई यहाँ कसरी लिइएको छ? "हामी जुन स्थितिमा पुग्यौं, त्यहि स्थितिको आदर्शमा हामी हिँडौं।" भन्ने पावलको भनाईको अर्थ के हो? यो स्थितिलाई आत्मसात् गर्न जीवनमा तपाईंले के रोज्नुपर्दछ?

## उपसंहारः

<u>थप जानकारीः</u> यस अध्यायको बारेमा अरू जानकारी एलेन जी ह्वाइटद्वारा लिखित देहायका पुस्तक र पृष्ठहरू पाइन्छन्: *<u>टेस्टिमोनिज फर द चर्च</u>,* ठेली ४को "द टेस्टिङ्ग प्रोशेस", *<u>गस्पल वर्करस्</u>* पृष्ठ १६१को "द राइचियसनेस बाई फेथ" र *<u>स्टेपस्स टु क्राइष्ट</u>,* पृ. ४९-५५को "फेथ एण्ड आक्सेपटेन्स"।

"उचित तथा धर्मपरायण जीवन र शिद्ध तथा सदाचारीताको <u>अपेक्षा परमेश्वरको व्यवस्था वा आचारनिर्देशनले गर्दछन्। परमेश्वरका</u>

आज्ञाहरू पवित्र भएकोले नै उहाँलाई पछ्याउनेहरूले त्यसको मापदण्ड अनुसार चल्नु आवश्यकता छ। तर त्यस व्यवस्थाले औंल्याएको जीवन हाम्रै शक्तिले अपनाउन सक्दैनौं। परमेश्वरको पवित्र व्यवस्था वा दश आज्ञाका निर्देशनहरूलाई हाम्रो मानविय स्वभावले पूरा गर्नसक्दैन। तर येशू ख्रीष्ट यस संसारमा मानव स्वभाव लिएर आउनुभयो। उहाँले पवित्र, सदाचारी जीवन बिताउनुभयो। जसले उहाँको इच्छा अनुसार जीवन बिताउन चाहना गर्दछ त्यो जीवन सित्तैंमा उपहारस्वरूप दिन येशूले आफ्नो हात पसारिरहनुभएकोछ। मानिसको जीवनको ठाउँमा उहाँको जीवन उभिएको हुन्छ। त्यसले गर्दा परमेश्वरको अनुमतीद्वारा त्यस मानिसले गरेका विगतका पापहरूको क्षमा उसले प्राप्त गर्दछ। यति मात्र होइन, येशूले परमेश्वरका सदगुणहरू त्यस मानिसको जीवनमा भरिदिनुहुन्छ। उहाँले त्यस मानिसको चरित्र परमेश्वरको चरित्र जस्तै निर्माण गरिदिनुहुन्छ। परमेश्वरको चरित्रले आत्मिक शक्ति र सुन्दरता झल्काउँछन्। त्यसैकारण परमेश्वरका धर्मपरायण व्यवस्था वा दश आज्ञाका आवश्यकताहरू येशूमा विश्वास गरेपछि पूरा हुन्छन्। रोमी ३:२६। "एलेन जी ह्वाइट, *द डिजायर अफ एजेज* पृ. ७६२।

**चिन्तनमनन:**

क. माथि उल्लेखित एलेन जी ह्वाइटको अभिव्यक्तिलाई फेरि पढ्नुहोस् र त्यसबारे समिक्षा गर्नुहोस्। उहाँले के भनिरहनुभएको छ सो आफ्नै शव्दहरूमा लेख्नुहोस्। विश्वासीहरू बिच यसमा छलफल गर्नुहोस्। यसमा कुन प्रमूख बुँदाहरू प्रस्तुत गरिएकाछन्?

ख. यस अध्यायको तिन भागको अन्तिममा दिएको प्रश्नको बारमा चर्चापरिचर्चा गर्नुहोस्।

ग. जब हामी येशूको धर्मपरायण पोशाक लगाउँछौं तब हामी सबैले प्रभुको महिमालाई झल्काउँछौं। यसले पल पलमा परिवर्तन गरि उहाँ जस्तै हुन हामीलाई अग्रसर गराउँदछन्। यसले गर्दा हामीमा परमेश्वरको महिमाको वृद्धि हुँदै जान्छ। (२ कोरन्थी ३:१८

पढ्नुहोस्)। परमेश्वरको यश वा महिमालाई हाम्रो जीवनमा प्रदर्शित गर्नुको अर्थ के हो, वाख्या गर्नुहोस्।

घ. कतिपय विश्वासीहरूले मुक्ति पाउने निश्चयताको प्रश्नमा कठिनाइ भइरहेको हामी पाउँछौं। मुक्तिको आश्वासन पाउनु भनेको के हो भनेर हामीले कसरी बुझ्ने? यस आश्वासन हामीले कहाँ पाउँछौं? स्वर्गको तानमा बुनेको तर मानिसले उनको मानविय धागोबिनाको धर्मपरायण पोशाकलाई लाउने प्रतिकले हाम्रो मुक्ति कहाँ पाइने रहेछ भनेर आश्वासन दिँदछ? उक्त आश्वासन केवल सापति आश्वासन नभएर सच्चा हो भनेर हामीले कसरी यकिन गर्ने?

ङ. प्रभु येशूको कार्यमा विश्वास गर्दा हामीले क्षमा पाउँछौं र हामीलाई निर्दोष ठहराइन्छ भन्ने धारणा र हाम्रो जीवनको दौरानमा उहाँले हामीबाट के गरिरहनुहुन्छ भन्नै धारणामा अन्तर छ भन्ने कुरा जान्नु किन महत्वपूर्ण छन्? हाम्रो दिमागमा यसबारे स्पष्ट नहुँदा के खतरा उत्पन्न हुन सक्दछन्?